# पाख्रीबास नगरपालिका
# नगर कार्यपालिकको कार्यालय

पाख्रिबास, धनकुटा
प्रदेश नं. १ नेपाल

## करारमा सेवा लिने सम्बन्धी सूचना

(प्रथम पटक सुचना प्रकाशित मिति : २०७५/०८/०४)

पाख्रीबास नगरपालिकाको लागी पूर्वाधार बिकास तथा बाताबरण ब्यवस्थापन शाखामा रहने गरी सिभिल इन्जिनियर र नगरपालिकामा रहने गरी हलुका सवारी चालकको रुपमा देहायको संख्या र योग्यता भएको प्राविधिक कर्मचारी करारमा राख्नु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र दिनको २:०० बजेसम्म राजस्व तिरेको रसिद सहित दरखास्त दिन हुन सम्वन्धित सवैको लागि यो सूचना प्रकाशन गरिएको छ। दरखास्त फाराम, दरखास्त दस्तुर, कार्य–विवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण कार्यालयबाट वा वेवसाइट www.pakhribasmun.gov.np बाट उपलब्ध हुनेछ।

| पद नाम | संख्या |
|---|---|
| सिभिल इन्जिनियर | १(एक) जना |
| हलुका सवारी चालक | १(एक) जना |

**क. आवश्यक योग्यता, पेश गर्नु पर्ने कागजातहरु तथा अन्य विवरण (सिभिल इन्जिनियरको हकमा):**

१. नेपाली नागरिकताको प्रतिलिपि।
२. न्यूनतम योग्यता (जस्तैः नेपाल सरकारवाट मान्यता प्राप्त विश्वविद्यालयवाट Civil Engineering मा स्नातक (B.E) गरेको।
३. अनुभवको हकमा B.E गरी उतीर्ण गरी सम्बद्ध कार्यमा कम्तीमा २ (दुई) वर्षको कार्य अनुभव भएको ।
४. २१ वर्ष उमेर पुरा भई ४० वर्ष ननाघेको हुनुपर्ने।
५. नेपाल इन्जिनियरिङ्ग काउन्सिलमा दर्ता भएको (प्रमाणपत्र)।
६. सबै तहका शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि।
७. नेपाल सरकार/साबिक स्थानीय निकाय/हालको स्थानीय तह वा प्रचलित कानुन बमोजिम गठन भएका संघठित संस्थामा कार्य गरेको अनुभवको प्रमाणपत्रको प्रतिलिपि।
८. अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको।
९. दस्तुर रु.१०००/- (पछि फिर्ता नहुने गरी)
१०. कार्यबिबरण:- प्रचलित कानुन बमोजिम हुने।

११. पारिश्रमिक र सेवा सुबिधा:- प्रचलित कानुन बमोजिम।

१२. सेवाका शर्तहरु:- कानुन बमोजिम।

१३. अवधि :- अर्को व्यवस्था नभएसम्म।

१४. अन्य बिषयमा नगरपालिकाको निर्णय बमोजिम हुनेछ।

ख. **आवश्यक योग्यता तथा पेश गर्नु पर्ने कागजातहरु (हलुका सवारी चालकको हकमा):**

१. नेपाली नागरिकताको प्रतिलिपि।

२. न्युनतम कक्षा ८ उतिर्ण गरेको प्रमाणपत्रको प्रतिलिपि।

३. अनुभवको प्रमाणपत्रको प्रतिलिपि।

४. २१ वर्ष उमेर पुरा भई ४० वर्ष ननाघेको हुनुपर्ने।

५. सवारी चालक अनुमति प्रमाणपत्रको प्रतिलिपि।

६. घटीमा ५ बर्षको कार्य अनुभव भएको।

७. माथिल्लो शैक्षिक योग्यता बापतको अंकमा गणना नगरिने।

८. अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको।

९. दस्तुर रु.५००/- (पछि फिर्ता नहुने गरी)

१०. कार्यबिबरण:- प्रचलित कानुन बमोजिम हुने।

११. पारिश्रमिक र सेवा सुबिधा:- प्रचलित कानुन बमोजिम।

१२. सेवाका शर्तहरु:- कानुन बमोजिम।

१३. अवधि :- अर्को व्यवस्था नभएसम्म।

१४. अन्य बिषयमा नगरपालिकाको निर्णय बमोजिम हुनेछ।

नोट: माथि उल्लेखित दुबै पदका हकमा उम्मेदवारले पेश गर्ने कागजातहरु स्वयं उम्मेदवारले प्रमाणित गरी पेश गर्नुपर्ने छ। साथै छनौटका आधारहरु पाख्रीबास नगरपालिका करारमा प्राविधिक कर्मचारी ब्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि, २०७५ बमोजिम हुनेछन। बिस्तृत बिवरण www.pakhribasmun.gov.np मा हेर्न सकिनेछ।

**ग. कार्यविधि मूताबिकको व्यवस्था (संक्षिप्त सूची तयार गर्ने आधार) सिभिल इन्जिनियरको हकमा:-**

क. शैक्षिक योग्यता वापत - ३५(पैंतीस) अंक, (विशिष्ट श्रेणी वापत ३५, प्रथम श्रेणी वापत ३०, द्धितीय श्रेणी वापत २५, तृतीय श्रेणी वापत १५, (त्रिभुवन विश्वविद्यालयको अंक गणनाका आधारमा)।

ख. समान प्रकृतिको माथिल्लो शैक्षिक योग्यता - ५ अंक

- बिशिष्ट श्रेणी - ५ अंक
- प्रथम श्रेणी - ४ अंक
- द्वितीय श्रेणी - ३ अंक
- तृतीय श्रेणी - २ अंक

ग. कार्य अनुभव वापत -१० (दश) अंक (प्रति वर्ष २ अंकको दरले, प्रमाणित विवरण संलग्न भएको हुनुपर्ने)।

घ. Specific (बिशिष्ट) अनुभव (साबिकका स्थानीय निकाय/हालको तह/सरकारी कार्यालयमा समान सेवा, समूह र पदमा समान प्रकृतिको काम गरेका लागि मात्र, यस प्रकारको अनुभवमा सार्वजनिक शिक्षण प्रकृयामा समावेश भएकाहरुलाई समावेश गरीने छैन) - १५ अंक

५ बर्ष सम्म - १५ अंक

४ बर्ष सम्म - १२ अंक

३ बर्ष सम्म - ९ अंक

२ बर्ष सम्म - ६ अंक

९ महिनादेखि १ बर्ष सम्म -३ अंक

**(अनुभवको प्रमाणपत्रको प्रतिलिपि प्रमाणित गरी संलग्न गर्नुपर्नेछ)**

ङ. स्थानीय बासिन्दालाई देहाय बमोजिम - १० (दश) अंक

१. सम्बन्धित नगरपालिकाको बासिन्दा भएमा -१० अंक

२. सम्बन्धित जिल्लाको बासिन्दा भएमा -७ अंक

३. सम्बन्धित प्रदेशको बासिन्दा भएमा - ५ अंक

**# नोट: अन्यको हकमा – ४ अंक**

**ग. १ (संक्षिप्त सूचीमा छनौट भएका उम्मेद्वारलाई अन्तरबार्तामा प्रदान गरिने अंक र अन्य प्रावधान।)**

क. अन्तवार्तामा अधिकतम २५ अंक। यस अनुसार अकं प्रदान गर्दा न्युनतम १०(दश) र अधिकतम १७ (सत्र) को सीमाभित्र रही प्रदान गर्नुपर्नेछ।

ख. नतिजा वेबसाइटमा प्रकाशित गरिनेछ।

ग. अन्तरबार्ता तोकिएको दिन र समयमा पूर्व जानकारी बिना उपस्थित नहुने उम्मेद्वारका कारण नतिजा प्रकाशनमा बाधा पर्ने छैन।

घ. बिशेष परिस्थिति (परम्परा अनुसार आफैं किरिया बस्नुपर्ने)।

घ. **कार्यविधि मूताबिकको व्यवस्था (संक्षिप्त सूची तयार गर्ने आधार) हलुका सवारी चालकको हकमा:-**

क. शैक्षिक योग्यता वापत - ३५(पैंतीस) अंक, (विशिष्ट श्रेणी वापत ३५, प्रथम श्रेणी वापत ३०, द्धितीय श्रेणी वापत २५, तृतीय श्रेणी वापत १५, (त्रिभुवन विश्वविद्यालयको अंक गणनाका आधारमा)।

ख. कार्य अनुभव वापत -१० (दश) अंक (प्रति वर्ष २ अंकको दरले, प्रमाणित विवरण संलग्न भएको हुनुपर्ने)।

ग. Specific (बिशिष्ट) अनुभव (साबिकका स्थानीय निकाय/हालको तह/सरकारी कार्यालयमा समान सेवा, समूह र पदमा समान प्रकृतिको काम गरेका लागि मात्र, यस प्रकारको अनुभवमा सार्वजनिक शिक्षण प्रकृयामा समावेश भएकाहरुलाई समावेश गरीने छैन) - १० अंक

५ बर्ष सम्म - १० अंक

४ बर्ष सम्म - ८ अंक

३ बर्ष सम्म - ६ अंक

२ बर्ष सम्म - ४ अंक

९ महिनादेखि १ बर्ष सम्म -२ अंक

**(अनुभवको प्रमाणपत्रको प्रतिलिपि प्रमाणित गरी संलग्न गर्नुपर्नेछ)**

घ. स्थानीय बासिन्दालाई देहाय बमोजिम - १० (दश) अंक

१. सम्बन्धित नगरपालिकाको बासिन्दा भएमा -१० अंक

२. सम्बन्धित जिल्लाको बासिन्दा भएमा -७ अंक

३. सम्बन्धित प्रदेशको बासिन्दा भएमा - ५ अंक

**घ. १ (संक्षिप्त सूचीमा छनौट भएका उम्मेद्वारलाई प्रयोगात्मक परिक्षा तथा अन्तरबार्तामा प्रदान गरिने अंक र अन्य प्रावधान।)**

क. प्रयोगात्मक परिक्षा – १० अंक

ख. अन्तवार्तामा अधिकतम २५ अंक। यस अनुसार अकं प्रदान गर्दा न्युनतम १०(दश) र अधिकतम १७ (सत्र) को सीमाभित्र रही प्रदान गर्नुपर्नेछ।

ग. नतिजा वेबसाइटमा प्रकाशित गरिनेछ।

घ. अन्तरबार्ता तोकिएको दिन र समयमा पूर्व जानकारी बिना उपस्थित नहुने उम्मेद्वारका कारण नतिजा प्रकाशनमा बाधा पर्ने छैन।

ङ. बिशेष परिस्थिति (परम्परा अनुसार आफैं किरिया बस्नुपर्ने)।